# भाग ५

**नेपाल सरकार**
**कृषि तथा सहकारी मन्त्रालयको**
**सूचना १**

नेपाल सरकारले दाना पदार्थ ऐन, २०३३ को दफा १० ले दिएको अधिकार प्रयोग गरी कुखुराको दाना पदार्थको गुणस्तर वा मात्रा देहाय बमोजिम तोकेकोले यो आदेश जारी गरेको छ :-

**कुखुराको दाना पदार्थको गुणस्तर वा मात्रा**

**कुखुराको दाना पदार्थको गुणस्तर वा मात्रा निम्न तालिकामा उल्लेख भए बमोजिमको हुनु पर्दछ ।**

तालिका

| चारित्रिक गुणहरु | कुखुराको दाना पदार्थमा हुनु पर्ने गुणस्तर वा मात्रा | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | फुलको लागि पालिने चल्लाको दाना | फुलको लागि पालिने हुर्कंदो कुखुराको दाना | फुल पार्ने कुखुराको दाना | फुल पार्ने कुखुराको अन्तिम दाना | ब्रोईलर चल्लाको शुरु दाना | ब्रोईलर कुखुराको दाना | ब्रोईलर कुखुराको अन्तिम दाना |
| | L1 | L2 | L3 | L4 | B1 | B2 | B3 |
| १. जलांश प्रतिशत, बढीमा | ११ | ११ | ११ | ११ | ११ | ११ | ११ |
| २. क्रुड प्रोटिन प्रतिशत, घटीमा | १९ | १५ | १६ | १५ | २१ | १९ | १८ |
| ३. क्रुड फाइवर प्रतिशत, बढीमा | ५ | ७ | ८ | ८ | ६ | ६ | ६ |
| ४. क्रुड फ्याट प्रतिशत, घटीमा | ३ | २.५ | ३ | २.५ | ३.५ | ३.५ | ३.५ |
| ५. एसिड इन्सोल्यवल आयस, प्रतिशत, बढीमा | ४ | ४ | ४ | ४ | ३.५ | ३.५ | ३.५ |
| ६. क्याल्सियम प्रतिशत, घटीमा | १ | १ | ३ | ३ | १ | ०.८ | ०.८ |
| ७. प्राप्य फोस्फोरस, प्रतिशत, घटीमा | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.४ | ०.४ | ०.४ |
| ८. लवण (सोडियम क्लोराईड) प्रतिशत, बढीमा | ०.७ | ०.७ | १.० | १.० | ०.७ | ०.७ | ०.७ |

१३६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

द्रष्टव्यः

(१) उल्लिखित दाना पदार्थहरु सडेको, गन्हाएको, विषालु, ढुसी परेको वा किरा लागेको हुनु हुँदैन ।

(२) तोकिएको गुणस्तर वा मात्राहरुमध्ये एक मात्र गुणस्तर वा मात्राको परिधि अनुरुप नभएमा पनि सो दाना पदार्थ गुणस्तर परिधि अनुरुप भएको मानिने छैन ।

(३) सबै प्रकारको दाना पदार्थमा एण्टिबायोटिक्स र कोबिडायोष्टिट्रस मिसाउन सकिनेछ । त्यस्तो मात्रा उत्पादक वा वितरक आफैंले निर्धारण गर्न सक्नेछन् ।

(४) दानामा टक्सीन बाइन्डर वा एसिडिफाइर समिश्रण लेबलमा प्रयोग गरेको खण्डमा जलांश बाह्र प्रतिशतसम्म हुन सक्नेछ ।

(५) उल्लिखित चारित्रिक गुणहरुको मात्राहरु तौलको हिसाबले जलांश रहित आधारमा गणना गरिएका हुन् ।

(६) यस सूचनाको प्रयोजनका लागि,-

(क) "फुलको लागि पालिने चल्लाको दाना" भन्नाले आठ हप्ता सम्मको कुखुरालाई खुवाउने दाना सम्झनु पर्छ ।

(ख) "फुलको लागि पालिने हुर्कंदो कुखुराको दाना" भन्नाले आठ हप्ताभन्दा बढी सोऱ्ह हप्ताभन्दा कम वा फुल पार्न नलागे सम्मका बढ्दो कुखुरालाई खुवाउने दाना सम्झनु पर्छ ।

(ग) "फुल पार्ने कुखुराको दाना" भन्नाले सत्र हप्ताभन्दा बढी र चालीस हप्ताभन्दा कम उमेर पुगी फुल पार्न लागेको कुखुरालाई खुवाउने दाना सम्झनु पर्छ ।

(घ) "फुल पार्ने कुखुराको अन्तिम दाना" भन्नाले चालिस हप्ताभन्दा बढी उमेर पुगेको फुल पार्ने कुखुराको अन्तिम दानालाई सम्झनु पर्छ ।

(ङ) "ब्रोइलर चल्लाको शुरु दाना" भन्नाले चार हप्ता सम्भको ब्रोइलर कुखुराको दाना सम्झनु पर्छ ।

(च) "ब्रोइलर कुखुराको दाना" भन्नाले चारदेखि छ हप्ता सम्मको ब्रोइलर कुखुराको दाना सम्झनु पर्छ ।

(छ) "ब्रोइलर कुखुराको अन्तिम दाना" भन्नाले छ हप्तादेखि माथिको कुखुराको दाना सम्झनु पर्छ ।

खण्ड ३६, संख्या २५, मिति २०४३।६।१३ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालीन कृषि मन्त्रालयको सूचना खारेज गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सूचना २

नेपाल सरकारले खण्ड ५६, संख्या २६, मिति २०६३।७।१३ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनामा उल्लिखित विषादीहरुको नामावलीमा रहेका मिथाईल पाराथियन र मोनोक्रोटोफस सामान्य नामका कीटनाशक विषादीको पञ्जिकरण खारेज गरेकोले जीवनाशक विषादी नियमावली, २०५० को नियम ६ को प्रयोजनका लागि यो सूचना प्रकाशन गरिएको छ। नेपालमा पैठारी भै सकेका उल्लिखित विषादीहरुको मौज्दातको सम्बन्धमा किनबेच वा प्रयोग गर्नका लागि यो सूचना प्रकाशन भएको मितिबाट दुई वर्षको सहुलियत अवधि (Grace Period) प्रदान गरिएको छ।

आज्ञाले,
केशवप्रसाद अधिकारी
उपसचिव (कानून)



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

५६९

## भूल सुधार

खण्ड ५७, अतिरिक्ताङ्क ४५ मिति २०६४ मंसीर २० को नेपाल राजपत्र भाग ३ मा यस मन्त्रालयको सूचना बमोजिम प्रकाशित निजामती सेवा (सातौं संशोधन) नियमावली, २०६४ को नियम ९१ द्वारा संशोधित मूल नियमावलीको नियम १२८ को उपनियम (२) मा "वेतलवी विदा" हुनु पर्नेमा अन्यथा भएको, अनुसूची-९ को दोस्रो हरफमा "उपनियम (१७)" हुनु पर्नेमा अन्यथा भएको, नियम १०० को क्रमसंख्या (७) द्वारा संशोधित अनुसूची-१२ को क्रमसंख्या १९ मा "चाडपर्व खर्च" हुनु पर्नेमा अन्यथा भएको र मूल नियमावलीमा थपिएको अनुसूची-१९ को द्रष्टव्य (५) मा "पछाडिको भागमा दायाँपट्टि" हुनु पर्नेमा अन्यथा भएकोले भूल सुधार गरिएको छ।

सामान्य प्रशासन मन्त्रालय



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रु. ५।-

मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५७ ) काठमाडौं, पुस २३ गते २०६४ साल (संख्या ३८

## भाग ५

### नेपाल सरकार
### गृह मन्त्रालयको
### सूचना १

नेपाल सरकारले प्रहरी नियमावली, २०४९ को नियम ११ को उपनियम (५) को खण्ड (ग) को प्रयोजनको लागि अर्को व्यवस्था नभए-सम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट "मधेसी" भनी प्रमाणित भएको आधारमा सोही नियमको उपनियम (३) को खण्ड (ग) बमोजिम छुटयाइएको पदको लागि दरखास्त दिन सक्ने गरी यो सूचना प्रकाशन गरेको छ ।

### सूचना २

नेपाल सरकारले सशस्त्र प्रहरी नियमावली, २०६० को नियम ५ को उपनियम (५) को खण्ड (ग) को प्रयोजनको लागि अर्को व्यवस्था नभए-सम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा सम्बन्धित जिल्ला-

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

४८७

का प्रमुख जिल्ला अधिकारीबाट "मधेसी" भनी प्रमाणित भएको आधारमा उपनियम (३) को खण्ड (ग) बमोजिम छुट्याइएको पदको लागि दरखास्त दिन सक्ने गरी यो सूचना प्रकाशन गरेको छ ।

आज्ञाले,
उमेशप्रसाद मैनाली
नेपाल सरकारको सचिव

## नेपाल सरकार
## अर्थ मन्त्रालयको

### सूचना १

नेपाल सरकारले राष्ट्र बैंक ऐन, २०५८ को दफा ५२ को उपदफा (७) ले दिएको अधिकार प्रयोग गरी श्री कुमारी जात्रा २५० (दुई सय पचास) वर्ष पुगेको उपलक्ष्यमा देहाय बमोजिमको डिजाइन, नाप र तौल भएका क्यूप्रोनिकलको स्मारिका सिक्का निष्काशन गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिएकोले यो सूचना प्रकाशन गरिएको छ:-

अग्रभाग : वरिपरि ६४ थोप्लाको घेराभित्र माथिल्लो भागमा श्रीकुमारी जात्रा- २५० वर्ष, मध्य भागमा श्रीकुमारी विराजमान रहनु भएको कुमारी घरको चित्राकृती लोगो, त्यस भन्दा मुनो बायाँ भागमा वि. सं. २०६४ तथा दायाँ भागमा ने. सं. ११२७ रहनेछ ।

पृष्ठभाग : वरिपरि ६४ थोप्लाको घेराभित्र माथिल्लो भागमा नेपालीमा श्रीकुमारी अक्षर, बीच भागमा श्री कुमारीको चित्राकृति लोगो, सोको बायाँ तर्फ "नेपाल", दायाँतर्फ "NEPAL" र तल्लो भागमा ५० रुपैयाँ उल्लेख रहनेछ ।

स्पेसिफिकेशन

| | |
|---|---|
| दर : | रु. ५०।- |
| तौल : | ८.५ ग्राम $\pm$ ३०० मि. ग्रा. |
| ब्यास : | २९ एम. एम. |
| धातु : | क्युप्रोनिकल |
| रंग : | सेतो |

८६५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

नेपाल सरकारले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ५२ को उपदफा (७) ले दिएको अधिकार प्रयोग गरी श्री कुमारी जात्रा २५० (दुई सय पचास) वर्ष पुगेको उपलक्ष्यमा देहाय बमोजिमको डिजाइन, नाप र तौल भएका चाँदीको स्मारिका सिक्का निष्काशन गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिएकोले यो सूचना प्रकाशन गरिएको छः-

अग्रभाग : वरिपरि ६४ थोप्लाको घेराभित्र माथिल्लो भागमा श्रीकुमारी जात्रा- २५० वर्ष, मध्य भागमा श्री कुमारी विराजमान रहनु भएको कुमारी घरको चित्राकृति लोगो, त्यस भन्दा मुनी बायाँ भागमा वि. सं. २०६४ तथा दायाँ भागमा ने:सं. ११२७ रहने छ।

पृष्ठभाग : वरिपरि ६४ थोप्लाको घेराभित्र माथिल्लो भागमा नेपालीमा श्रीकुमारी अक्षर, बीच भागमा श्रीकुमारीको चित्राकृति लोगो, सोको बायाँ तर्फ "नेपाल", दायाँतर्फ "NEPAL" र तल्लो भागमा ५०० रुपैयाँ उल्लेख रहनेछ।

### स्पेसिफिकेशन

| | |
|---|---|
| दर : | रु. ५००।- |
| तौल : | १४ ग्राम $\pm$ ३०० मि. ग्रा. |
| ब्यास : | ३२ एम. एम. |
| धातु : | ९९९ टच चाँदी |
| रंग : | सेतो |

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव



मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।